## प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
## सानोठिमी, भक्तपुरको
## शैक्षिक सत्र २०८३/०८४ को लागि कार्यक्रम नविकरण गर्ने बारेको जरुरी सूचना !

**प्रकाशित मिति:२०८२/१२/२५**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्बाट प्रि-डिप्लोमा तथा प्रमाण-पत्र/डिप्लोमा तहका कार्यक्रमहरुको सम्बन्धन/स्वीकृती लिएका शिक्षण संस्थाहरुले सम्बन्धन/स्वीकृती पाएको मितिले दुई वर्षपछि प्रत्येक वर्ष स्वीकृत कार्यक्रमहरु नविकरण गर्नुपर्ने व्यवस्था भए अनुसार शैक्षिक सत्र २०८३/०८४ को लागि परिषद् प्रदेश कार्यालयहरुबाट गरिने नियमित अनुगमन र परिषद् प्राविधिक महाशाखाबाट प्राप्त हुने अनुगमन प्रतिवेदनमा स्वीकृत कार्यक्रम सञ्चालन निरन्तरता गर्न सिफारिश हुने शिक्षण संस्थाहरुले आगामी शैक्षिक सत्र २०८३/०८४ का लागि तपशिलमा उल्लेख भए बमोजिम तोकिएका नोटरी प्रमाणित कागजात सहित यो सूचना प्रकाशित भएको मितिले १५ दिन (मिति २०८२/१२/२५ देखि २०८३/०१/०९ गते सम्म) नियमित दस्तुरमा र थप ७ दिन (मिति २०८३/०१/१० देखि २०८३/०१/१६ गते सम्म) विलम्व शुल्क (डवल दस्तुर) जम्मा गरी Online मार्फत नविकरण गर्नु गराउनु हुन सम्बन्धित सबै शिक्षण संस्थाहरुलाई परिषद् कार्यालयको मिति २०८२/१२/२४ गतेको निर्णायानुसार जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । साथै नविकरण कार्ड भर्न आउँदा Online मार्फत पेश गरेका सम्पूर्ण सक्कल कागजातहरु अनिवार्य पेश गर्नुहुन समेत जानकारी गरान्इन्छ ।

**नविकरण गर्दा नोटरी प्रमाणित गराई अनिवार्य रुपमा पेश गर्नुपर्ने कागजातहरु:-**

१) कम्पनी रजिष्ट्रार कार्यालय वा संस्था दर्ता भएको कार्यालयबाट आर्थिक वर्ष २०८१/०८२ को संस्था नविकरण/अद्यावधिक गरेको पत्र र संस्था दर्ता सम्बन्धी सम्पूर्ण कागजात पेश गर्नुपर्ने । (संस्थाको विधान/संस्था दर्ता प्रमाणपत्र, प्रवन्ध पत्र, नियमावली, PAN दर्ता आदि)

२) कम्तीमा आ.व. २०८१/०८२ सम्मको करचुक्ता गरेको प्रमाण वा कर दाखिलाको प्रमाण पेश गर्ने ।

३) स्वास्थ्य सम्बन्धी कार्यक्रमहरुको लागि प्रयोगात्मक अभ्यासमा प्रयोग गरिने अस्पतालका सम्बन्धमा परिषद्को न्यूनतम पूर्वाधार निर्देशिका तथा अन्य मापदण्डहरु, सम्बन्धित व्यवसायी परिषद् र राष्ट्रिय चिकित्सा शिक्षा ऐन २०७५ को प्रावधान बमोजिम प्रयोग गरिएका अस्पतालको शैया खुलेको आधिकारिक निकायको स्वीकृतिपत्र र अस्पतालको नविकरण पत्र वा नविकरण प्रकृयामा रहेको सम्बन्धित निकायको हालको पत्र (सरकारी बाहेक), अस्पतालले प्रयोगात्मक अभ्यासका लागि सहमति दिइएको संस्थाहरुका कार्यक्रमहरुको प्राथमिकता खुल्ने पत्र, सहमति/सम्झौता पत्र, अस्पतालबाट संस्थासम्मको दुरी प्रमाणित कागजात र उक्त अस्पतालमा स्वास्थ्य सम्बन्धी स्नातक वा स्नातकोत्तर तहका कार्यक्रमका लागि प्रयोग गरिएको वा नगरिएको प्रष्ट खुल्ने गरी अस्पतालको स्वघोषणा पत्र अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

४) चालु शैक्षिक सत्रमा संस्था सञ्चालन गर्दा प्रशिक्षण शुल्क बापत लिइदै आएको शुल्कको सम्बन्धमा परिषदबाट तोकिएको शुल्क मात्र लिएको स्वघोषणा पत्र र गत शैक्षिक सत्र २०८२/०८३ मा कार्यक्रम नविकरण गरेको कार्डको प्रतिलिपि पेश गर्नुपर्नेछ ।

५) प्रमाण-पत्र तह नर्सिङ्ग र आफ्नै १०० शैयाको अस्पताल भई स्वास्थ्य सम्बन्धी ३ वर्षे प्रमाण-पत्र/डिप्लोमा तहका कार्यक्रमहरुको सम्बन्धन/स्वीकृती पाई कार्यक्रम सञ्चालन गर्ने शिक्षण संस्थाहरुले आधिकारिक रुपमा आफ्नै १०० शैयाको अस्पताल खुल्ने नोटरी प्रमाणित कागजातहरु पेश गर्नुपर्ने छ ।

६) परिषद्बाट सम्बन्धन प्राप्त गर्दाको सम्बन्धन स्वीकृती पत्र, नामसारी, ठाउँसारी, नाम परिवर्तन, संस्था मर्जिङ्ग र स्वामित्व हस्तान्तरण आदि भएमा सो समेतको पत्रको प्रतिलिपि समावेश गर्नुपर्नेछ ।

७) माथि उल्लेखित प्रमाण, कागजातहरु पेश गरेका र प्राविधिक महाशाखाको अनुगमन तथा मूल्याङ्कनबाट योग्य भएका शिक्षण संस्थाहरुले मात्र देहायको रकम परिषद् कार्यालयले तोकेको राष्ट्रिय वाणिज्य बैंक, सानोठिमी, भक्तपुरको खाता नं. १७३०१००००००००९००६ मा जम्मा गर्नुपर्नेछ । उक्त रकम जम्मा गर्दा बैंक भौचरमा संस्थाको नाम र ठेगाना अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ ।

८) उपरोक्त अनुसारको कागजात CTEVT को Website: www.ctevt.org.np मा राखिएको विवरण सहितको फारम अनिवार्य रुपमा संलग्न गर्नुपर्नेछ । साथै विद्युतीय माध्यम (ONLINE) बाट आवेदन पेश गर्दा संस्थाको लेटर प्याडमा अनुरोध पत्र सहित परिषद्को Website को Quick Link वा https://tinyurl.com/ctevt8384 मा मात्र पठाउनुपर्नेछ । अन्यथा नविकरणका लागि योग्य मानिने छैन ।

९) गत शैक्षिक सत्र ०७९/०८०, ०८०/०८१ र ०८१/०८२ मा स्वास्थ्य सम्बन्धी प्रमाण-पत्र/डिप्लोमा तहका कार्यक्रममा स्तरोन्नती भएका तथा समान तहका कार्यक्रम सञ्चालन गर्न सम्बन्धन/स्वीकृती पाएका शिक्षण संस्थाहरुले कार्यक्रम समेत उल्लेख भए अनुसारका कागजात र शुल्कहरु जम्मा गरी नविकरण गर्नुपर्नेछ ।

१०) संस्था/अस्पतालका सञ्चालकहरु वा शेयरधनी सदस्यहरुको हालको शेयर लगत विवरण स्पष्ट खुल्ने गरी संस्था दर्ता भएको सम्बन्धित निकायको पत्र, संस्था सञ्चालक समितिका सदस्यहरुको विवरण र नागरिकता प्रमाणित प्रतिलिपि समेत अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

**तपशिल:-**

| क्र.सं. | विवरण | शुल्क |
|---|---|---|
| १. | TMIS शुल्क | रु. २,०००/- प्रति संस्था |
| २. | प्रमाण-पत्र /डिप्लोमा तह | रु. ३०,०००/- र प्रति थप कार्यक्रम रु. १०,०००/- |
| ३. | प्रि-डिप्लोमा | रु. १०,०००/- र प्रति थप कार्यक्रम रु. ५,०००/- |

**पुनश्चः छोटो अवधिको तालीम सम्बन्धन/स्वीकृति लिएका संस्थाहरुले सम्बन्धन/स्वीकृति पत्रमा उल्लेख भए अनुसारको मितिलाई गणना गरी सोही अनुसारको समय सीमाभित्र तोकिएको नियमित शुल्कमा र सो समय पश्चात् नियमानुसार विलम्व शुल्क (डबल दस्तुर) तिरी कार्यक्रम नविकरण गर्न सकिने छ । Link: www.tinyurl.com/short8384**

**सम्पर्कका लागि**
**स्तर निर्धारण तथा सम्बन्धन महाशाखा**
**फोन नं. ०१-६६३०४०८**
**इमेल: ctevtaccreditation061@gmail.com**